# पञ्चपुरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाबियाचौर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं

मिति:-२०८२/०७/१७

## सेवा करार सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०७/१७)

यस पञ्चपुरी नगरपालिका अन्तर्गत देहाय बमोजिमका सामुदायिक औलो स्वास्थ्यकमी आवश्यक परेको हुँदा सेवा करारमा पदपूर्तिका लागि दरखास्त आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले (१५) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवश्यक कागजात सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|
| ०१-२०८२/०८३ | ल्याब असिस्टेन्ट (चौथो) | १(एक) | सामुदायिक स्तरमा शंकास्पद औलो विरामी परीक्षणको लागि सामुदायिक औलो स्वास्थ्यकर्मी नियुक्ति परिचालन सम्बान्धी कार्यविधि, २०८१ बमोजिमको कार्यजिम्मेवारी हुने। |

क) दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन कार्यालय समय भित्र।

ख) दरखास्त दस्तुरः- रू ५००/-

ग) आवश्यक शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी Lab Assistant मा १८ महिना तालिमको प्रमाण पत्र तथा काउन्सील दर्ताको प्रमाण पत्र।

घ) योग्य उमेरः- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ङ) छनौट विधिः- अन्तर्वार्ता र लिखित दुवै ।

च) संलग्न गर्नुपर्ने कागजातहरूः-

- ल्याब असिस्टेन्टको १८ महिना तालिमको प्रमाण पत्र तथा काउन्सील दर्ताको प्रमाण पत्र ।
- शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, फोटो २ प्रति
- अनुभवीलाई विशेष ग्राहयता दिइनेछ।

छ) तलब तथा सुविधाहरुः- कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम हुनेगरी ।

द्रष्टव्यः नेपाल सरकारको समुदाय औलो कार्यक्रम अन्तर्गत ग्रामीण औलो कार्यकर्ता तलब भत्ता तथा अन्य व्यवस्थापन खर्च यस नगरपालिकामा शसर्त अनुदान उपलब्ध भएपश्चात उपलब्ध गराइनेछ ।साथै रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट एवं सिफारिस समितिले मापदण्ड पुरा गरेका आवेदनलाई मात्र संक्षिप्त सूची (Short List) मा समावेश गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

कृषि-पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य र स्वरोजगारः सुदृढ जनस्वास्थ्य सहितको समृद्धी पञ्चपुरीको आधार
फोन नं. ०८३-४१६०६७, वेबसाइटः- www.panchapurimun.gov.np
ईमेलः info@panchapurimun.gov.np, ito.panchapurimun@gmail.com

CamScanner